# पाँचखाल नगरपालिका कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक

## लागत साझेदारीमा बाख्रा प्रवर्द्धन कार्यक्रम संचालन गर्नका लागी दरखास्त आह्वानको सुचना ।

सुचना प्रकाशित मिती : २०७८/०२/२०

प्रस्तुत अविषयमा पाँचखाल नगरपालिका अन्तर्गत पशुपन्छी शाखाले आ.व.०७७/७८ मा संचालनगर्ने कार्यक्रममध्ये प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालनमा बाख्रा, बोका बितरण लगायत सो सँग सम्बन्धित अन्य कार्यक्रमहरु समेत संचालनको लागी" प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७" बमोजिम कृषकको २० प्रतिशत लागत साझेदारीमा स्वीकृत ठेक्का बमोजिम प्रति बाखाको मूल्य रू १३,३९९/का बाख्रा/प्रजनन् योग्य पाठीहरू वडा नं ९ को पहरी समुदायमा ४९ वटा र ११ को शिखरकटेरीमा ४९ वटा र बोका बितरण गर्नुपर्ने भएकाले इच्छुक यस न. पा.वडा नं ९ को पहरी समुदाय र वडा नं ११ को शिखरकटेरीका सहकारी संस्था/कृषक समुह र समितिहरूले यो सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र दरखास्त पेश गर्नु हुन आव्हान गरिन्छ। रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरू छनौटका लागी समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ। निवेदन र संक्षिप्त व्यवसायिक कार्य योजनाको ढाँचा तथा कार्यक्रम संचालन प्रकृया कृषि तथा पशुपन्छी विकास मन्त्रालयको Website www.moald.gov.np बाट डाउनलोड गर्न वा वडा नं ९र ११ कोकार्यालयबाट फाराम लिई आवश्यक कागजात संलग्न राखि वडा नं ९ र ११ को कार्यालय वा पशुपंक्षी शाखामा पेश गर्नु हुन अनरोध छ।

**अन्य थप जानकारीका लागी फोन नं ९८४१४१४००१ मा सम्पर्क गनुहुन अनुरोध छ।**

**आवश्यक कागजातहरू**

१. समुह/समिति/सहकारी संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपी।
२. सहकारी संस्थाको हकमा कृषि/पशुपालन व्यवसाय संचालन गर्ने उदेश्य खुल्ने कागजात।
३. समुह/समिति/सहकारी संस्थाको आ.व. ०७६/७७ को लेखा परिक्षण प्रतिवेदन र सोहि अवधिको कर चुक्ता प्रमाणको प्रतिलिपी।
४. समुह/समिति/सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपी।
५. समुह/समिति/सहकारी संस्थाका कार्य समिती तथा सम्पुर्ण सदस्यहरुको नामावली।
६. सम्बन्धित वडा कार्यालयले लक्षित कृषकहरु समावेस भएको तोकिएको स्थानविषेशका सम्मिलित भएका सहकारी संस्था/कृषक समुह र समितिलाई सिफारिस गरिएको पत्र।
७. तोकिएको ढाँचामा अनुसुची २ बमोजिमको कार्य योजना र अनुसुची ३ बमोजिमको निवेदन सलग्न हुनुपर्ने छ।
८. यस सम्बन्धी निर्णय गर्ने सम्पुर्ण अधिकार पाँचखाल नगरपालिकामा सुरक्षित हुनेछ।

शिव प्रसाद हुमागाई
प्रमुख प्रशासकिय अधिकृत

NOVEL CORONA VIRUS (nCOV)

सार्वजनिक सुच